# अन्तिम लेखापरीक्षण प्रतिवेदन

व्यास नगरपालिका, तनहुँ

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
व्यास नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.: १२३ मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
व्यास नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले व्यास नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु १३ करोड ५ लाख १८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड २६ लाख ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ३० लाख ४६ हजार नियमित गर्नुपर्ने रु ४ करोड १५ लाख ७३ हजार र पेस्की बाँकी रु ५ करोड ३२ लाख ८८ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४० यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# आर्थिक कारोवारको स्थिति

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस व्यास नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ४८ सभा सदस्य, २४८ वर्ग किलोमिटर क्षेत्रफल तथा ७१८०९ जनसंख्या रहेको छ।

## आय व्ययको एकिकृत विवरण २०७६।७७

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १७८८५९०७३.०० | १ | **चालु खर्च** | ६१४६४७१३०.७६ | **६१४६४७१३०.७६** |
| | क) नगद | ०.०० | | २ | **पूँजीगत खर्च** | ३३९९८४९६९.९० | **३३९९८४९६९.९०** |
| | ख) बैंक | १२०९११८२५.०० | | ३ | **विषयगत तर्फः** | | **२३४४३०३६९.००** |
| | ग) धरौटी तथा कोष मौज्दात | ५७९४७२४८.०० | | | सामाजिक सुरक्षा | २००८१५५००.०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | २९५८०९५४५.४१ | | स्थानीय पुर्वाधार साझेदारी | २०५०००००.०० | |
| | क) आन्तरिक राजस्व | १३५६०७६१८.०२ | | | गरिवसँग विश्वेश्वर | ४२०२५०.०० | |
| | ख) राजस्व बाँडफाँड | ९९४०५२५२.०० | | | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण कार्यक्रम | ८०९४३७.०० | |
| | ग) प्रदेश बाँडफाँट | १०२१९०००.०० | | | | | |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | ५०५७७६७५.३९ | | | समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक कार्यक्रम समेत | ७०००००.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ७०५६७००००.०० | | पर्यटन पुर्वाधार विकास आयोजना | ६१८०९७८.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १९२००००००.०० | | | मुख्यमन्त्री तथा प्रधान मन्त्री कार्यालय | १००००००.०० | |
| | ख) सशर्त अनुदान | ४९३६७००००.०० | | | शिक्षा विकार निर्देशनालय | ११४००००.०० | |
| | ग) समपूरक अनुदान | २०००००००.०० | | | सामाजिक विकास मन्त्रालय | २८६४२०४.०० | |
| | घ) विशेष अनुदान | | | ५ | **वित्तीय व्यवस्था भुक्तानी** | १०८५८१००.३४ | **१०८५८१००.३४** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १८२३१०००.०० | ७ | **धरौटी फिर्ता** | ८५२७८८५.०० | **८५२७८८५.००** |
| | क)वित्तीय समानीकरण अनुदान | १३२३१०००.०० | | | **कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)** | | ४८५९२५१५.०२ |
| | ख) सशर्त अनुदान | ५००००००.०० | | | क) मर्मत शम्भार कोष | १६७६७४७०.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | ख) विपद व्यवस्थापन कोष | २९१७३५४.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | ग) कर्मचारी कल्याण कोष | १३९८७२११.२० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ७१३९९३९१.२७ | | घ) कोरोना संक्रमण नियन्त्रण कोष | ९००६६७३.७० | |
| | क) मर्मत शम्भार कोष | १६१२०१.०० | | | ङ) विविध कोष | २०००००.०० | |
| | ख) विपद व्यवस्थापन कोष | २२४००००.०० | | | च) विविध खर्च खाता | ९५५५७२.०० | |
| | ग) कर्मचारी कल्याण कोष | ५४९४३१.५७ | | | छ) विभाज्य कोष खाता | ४७५८२३४.१२ | |
| | घ) कोरोना संक्रमण नियन्त्रण कोष | २५४७९०३५.६० | | | शेयर लगानी | | |
| | ङ) विविध कोष | ३९०४९७२३.१० | | | अन्य लगानी | | |
| | च) विविध खर्च खाता | २०००००.०० | | ८ | **शसर्त अनुदान फिर्ता** | २३८८३४८५.३५ | **२३८८३४८५.३५** |
| | छ) विभाज्य कोष खाता | ३७२००००.०० | | ९ | **सा सु रकम फिर्ता** | २०६०९७००.०० | **२०६०९७००.००** |
| ८ | **विषयगत तर्फः** | | २३४४३०३६९.०० | १० | **बालकल्याण समितिलाई फिर्ता** | ११५७४४६.१८ | **११५७४४६.१८** |
| | सामाजिक सुरक्षा | २००८१५५००.०० | | ११ | **विभाज्यकोषमा फिर्ता** | ३७२००००.०० | **३७२००००.००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय पुर्वाधार साझेदारी | २०५००००००.०० | | १२ | **मौज्दात** | | २०६४२२५२६.८८ |
| | गरिवसँग विश्वेश्वर | ४२०२५०.०० | | | क) मर्मत संभार कोष | ०.०० | |
| | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण कार्यक्रम | ८०९४३७.०० | | | ख) विपद व्यवस्थापन कोष | ८९६२२३.०० | |
| | समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक कार्यक्रम समेत | ७०००००.०० | | | ग) कर्मचारी कल्याणकारी कोष | ०.०० | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | ६१८०९७८.०० | | | घ) कोरोना संक्रमण नियन्त्रण कोष | ९००६६७३.७० | |
| | **प्रदेश** | | | | ङ) विविध कोष | ३८८४९७२३.०९ | |
| | मुख्यमन्त्री तथा प्रधान मन्त्री कार्यालय | १००००००.०० | | | च) विविध खर्च खाता | १०४४२८.०० | |
| | शिक्षा विकार निर्देशनालय | ११४००००.०० | | | छ) धरौटी मौज्दात | १३२४७६५४.२२ | |
| | सामाजिक विकास मन्त्रालय | २८६४२०४.०० | | | ज) चालु खर्च खाता | ३३४३७८११.११ | |
| ९ | **जनसहभागिता (नगद भए)** | | | | झ) पुजीगत खर्च खाता | ३५६७६८३९.३० | |
| १० | **धरौंटी आय** | ८४३४७४९.७५ | ८४३४७४९.७५ | | ञ) संचित कोष खाता | ७५२०३१७४.४६ | |
| | **जम्मा** | **१५१२८३४१२८।४३** | **१५१२८३४१२८।४३** | | **जम्मा** | **१५१२८३४१२८।४३** | **१५१२८३४१२८।४३** |

कार्यालयको नामः व्यास नगरपालिकाको कार्यालय, तनहुँ । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा दाखिलाः** लेखापरीक्षणको क्रममा जनप्रतिनिधिको वीमाको विल रकम भन्दा वढी भुक्तानी भएको रकम रु ५०५३७। असुल भइ दाखिला भएको छ । | |
| १ | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानिय तहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन। यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी मौज्दात राखेको वा खर्च गरेको पाईयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।

| विवरण | स्रेस्ता अनुसार | मलेप फा.न २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारि | १७८८५९०७३ | १३४२५२६१४.४७ | ४४६०६४५८.५३ |
| मौज्दात | १२०९११८२५ | २२२९२९१२१.४ | -१०२०१७२९६.४ |
| धरौटी | ८४३४७४९.७५ | ८५२७८८५ | -९३१३५.२५ |
| आन्तरिक आय | २९५८०९५४५.४१ | ३०६७३७४३७.२४ | -१०९२७८९१.८३ |
| कोष | ४८५९२५१५.०२ | ५०१४४३९७.०९ | १५५१८८२.०७ |

- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यसवाट प्राप्त वित्तिय प्रतिवेदन(म.ले.प.फा. नं. २७२) मा बैंक मौज्दात रु २२२९२९१२१.४। देखिएको तर वास्तविक बैंक मौज्दात रु १२०९११८२५ भएको भनि प्रमाणीत विवरण पेश भएकोले यसवाट प्राप्त विवरणले यथार्थ वित्तिय प्रतिवेदन दिने अवस्था छैन।
- आन्तरिक आयतर्फ मलेप फा.न.२७२ मा रु ३०६७३७४३७.२४ देखिएको छ। तर वास्तविक स्रेस्ता अनुसार नगरपालिकाले लेखापरीक्षणको क्रममा तयार पारेको एकिकृत आय व्ययको विवरणले रु २९५८०९५४५.४१ देखाएको र वित्तय प्रतिवेदन मा रु १०९२७८९१.८३ फरक परेको देखिन्छ। कार्यालयले हिसाब मिलान गर्नको लागि मात्र नभई वास्तविक आन्तरिक आय एकिन गरी सो को यथार्थ विवरण तयार गरी पेश गर्नुपर्दछ।
- वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) वाट प्राप्त विवरणमा धरौटी रु ८५२७८८५ र स्रेस्ता अनुसार रु ८४३४७४९ रहेको देखिन्छ । वित्तिय प्रतिवेदन र श्रेस्ता मा रु ९३१३५.२५ फरक देखिएको छ।
- वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) वाट प्राप्त विवरणमा कोषतर्फ रु ५०१४४३९७.०९ र स्रेस्ता अनुसार रु ४८५९२५१५.०२ रहेको देखिन्छ । वित्तिय प्रतिवेदन र श्रेस्ता मा रु १५५१८८२.०७ फरक देखिएको छ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२ **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ।सिष्टममा भौचर नउठाई फिर्ता गर्नुपर्ने सामाजिक सुरक्षाको रकम मिति २०७७|४|१८ मा संघिय संचित कोष दाखिला गरिएको,भुलबस पारिश्रमिक कर रु.१५६००|,अग्रिम आयकर रु.५०७१५।र सामाजिक सुरक्षा कर रु.२६७५६.३८ दाखिला भएको कारण असार महिनाको बैंक मौज्दात सँग फरक परेको देखिन्छ।अतः मासिक तथा वार्षिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ ।

| स.नं. | खाताको नाम | | | |
|---|---|---|---|---|

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | २०७७ असार मसान्तसम्मको बाँकी रकम | २०७७ असार मसान्तपछि थप भएको रकम | २०७७ असारपछि साटिएका चेकको कुल रकम |
|---|---|---|---|---|
| १ | व्यास न.पा. आन्तरिक राजस्व खाता | ११४६३००९.८४ | ० | ०. |
| २ | व्यास न.पा. चालु खर्च खाता वजोर वर्ष | ११६६४४९१३.५७ | | ८३२०७९०२ |
| ३ | व्यास न.पा. पूर्जिगत खर्च खाता वजोर वर्ष | ६४३२६९४९.६८ | | २८६५०११० |
| ४ | व्यास न.पा. धरौटि खाता | १३२४७६५४.२२ | ० | ० |
| ५ | व्यास न.पा. सं चत कोष खाता | ६३७४०१६४.६२ | ११४६३०१० | ० |
| ६ | व्यास न.पा. आकास्मिक कोष खाता | ९०६३६६.०० | ० | १०१४३ |
| ७ | व्यास न.पा. कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष वपद व्यवस्थापन कोष | १०१००८३२.१० | | १०८४१५५ |
| | कुल जम्मा | २८०४२९८९०.०३ | ११४६३००९.८४ | ११२९५१५११.२९ |

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको, | |

कार्यालयको नामः व्यास नगरपालिकाको कार्यालय, तनहुँ । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २४ ऐन, ८ नियमावली, ९कार्यविधि,६निर्देशिका र ४२ नर्म्स समेत ८९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, | |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• आर्थिक कार्यविधि ऐन २०५५ को परिच्छेद ४ मा कारोवारको लेखा तोकिएको प्रणाली अन्तर्गत राख्नुपर्ने र दफा १५ मा यस परिच्छेद बमोजिम राख्नु पर्ने कारोवारको लेखा ठीकसंग नराखेको कारणबाट नेपाल सरकारलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ ।यस नगरपालिकाले भौ नं ३७ वाट विद्युत महशुल भुक्तानी गर्दा २१०९८। जरिवाना तिरेको देखिएको,<br>• निर्माण कार्यको रनिङ विल उठाउदा म.लेप.फा.नं. प्रयोगमा नल्याएको, जसले गर्दा पहिला कति कार्य गरियो, हालको काम कति हो, उक्त काममा उपभोक्ताको काम कति हुने हो र कति भयो, कार्यालयले भुक्तानी गर्नेमध्ये कर कति हो, मुअकर तथा धरौटी कट्टी कति हुने हो तथा पेश्की बाँकी भए कति कट्टा गरेको हो उक्त व्यहोरा नखुलेको हुदा सुधार गर्नुपर्ने देखिएको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १३५६ | |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा मृत्यु दर्ता ३९४ वटा, नाता प्रमाणित ३६५ वटा, नागरीकता शिफारिश ५५७ वटा,वसाईसराई ५२ वटा र अन्य ४८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ५ | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ.व. २०७६।७७ मा ५६४ ले नक्सापासको लागि निवेदन दिएकोमा ३६५ लाइ अस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका ४१४ सहित कुल ५०४ को कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| ६ | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३६ लाख ८८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ७ | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक |
| व्यास नगरपालिका ( पुजीगत र संघीय सशर्त समेत) | ३३९९८४९६९.९२ | ५,६४,५०,२५६.२७ | ११,२२,१२,२१९.४० | १७,१३,२२,४९४.२५ |
| स्थानीय पुर्वाधार विकास कार्यक्रम | २०५००००० | ० | २४,७५,००० | १,८०,२५,००० |
| पर्यटन पुर्वाधार विकास कार्यक्रम | ६१८८९७८ | ० | २४,७५,००० | ३७,०५,९७८ |
| रकार सामाजिक विकास कार्यक्रम | २०४२३४५ | ० | ० | २०,४२,३४५ |
| कूल खर्चः | ३६८७१६२९२.९२ | ५६४५०२५६.२७ | ११७१६२२१९.४ | १९५०९५८१७.२५ |
| खर्च प्रतिशत | १०० | १५.३०% | ३१.७८% | ५२.९१% |

| दफा | भौचर नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८ | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आ र्थक वकास | ५३९०९००० | २५९४२१६५.३१ | २.६९ |
| सामाजिक वकास | ५२७३०३००० | ४६५११३७७४.३ | ४८.१७ |
| पूर्वाधार वकास | ५१७४०५००० | २८९५०३९४०.१४ | २९.९९ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३६२१२००० | ८७०७२०२ | ०.९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १९६९९४००० | १७६२२३११९.२२ | १८.२५ |
| **जम्मा** | १३३१८२३००० | ९६५४९०२००.९७ | १००. |

माथि उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये सामाजिक विकासमा ४८ प्रतिशत खर्च भएको देखिन्छ भने पूर्वाधार विकास तर्फ २९.९९ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चको १८.२५ प्रतिशत कार्यालय सन्चालन तथा प्रशासनिक काममा खर्च भएको देखिएकोले यसमा नियन्त्रण गरी पूजीगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

९

**योजना र कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १४३ | ६७,३९,८३६ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३६२ | ८३,१३२,०१२ |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ८४ | ५,१७,६६,७०७ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १३८ | २४,३२,२५,१७२ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | १४ | २०,१४,४४,६५० |

१०

**कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गर्ने गरी स्वीकृत कार्यक्रम खर्च गर्नुपर्दछ । कार्यालयवाट प्राप्त देहायका योजनामा लक्ष्यको तुलनामा न्युन प्रगति भएको छ । न्युन प्रगति भएकोमा कार्यालयले कारण खुलाएको छैन । यसले लक्षित उद्धेश्य हासिल गर्न वाधा पुऱ्याएको छ । यस्तो स्थितिमा सुधार गर्नुपर्दछ ।

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| कण्टार चापाघाट खानेपानी योजना | १७०० | ५६१ |
| कमेरेपानि साँधखोला खानेपानि योजना | २००० | ० |
| कर्लुङ कोटकालिका मन्दिर निर्माण | १५०० | ० |
| कलेस्ती मार्ग कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | ६००० | ० |
| केसबटार मार्ग कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | ६००० | ० |
| कार्यालय फर्निचर खरिद | १९०० | ९८५ |
| गलेखाम कोट पर्यटन पुर्वाधार कार्यक्रम | १५०० | ० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| छाब्दि मार्ग समेत बसपार्क कालोपत्रे (समपुरक विकास आयोजना) | २००० | ० |
| छाब्दी मार्ग समेत बसपार्क कालोपत्रे (समपुरक विकास आयोजना सहभागिता) | २००० | ४६ |
| देउराली नगर वधस्थल मार्ग स्तरीकरण | १५०० | ५६१ |
| दुम्सीचौर मार्ग कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | २००० | ६४ |
| दुम्सीचौर स्थित नारेश्वर ताल निर्माण (समपुरक विकास आयोजना सहभागिता) | ४००० | ० |
| दुम्सीचौर स्थित नारेश्वर ताल निर्माण (समपुरक विकास आयोजना सहभागिता) | ६००० | १६ |
| दमौली बुल्दी संगम घाट विद्युतीय शवदाह गृह अध्ययन समेत | २००० | ० |
| दमौली सेन्ट्रल पार्क निर्माण (समपुरक विकास आयोजना सहभागिता) | ३००० | ६९ |
| देविडाडा भ्युटावर निर्माण | १५०० | ० |
| न.पा. कार्यालय भवन मर्मत | २५०० | ५०८ |
| पराशर रिङरोड कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | ४००० | ६३७ |
| पाथ्रा खानेपानी योजना | १७०० | ० |
| बैरेनि नयाँवस्ती वडा कार्यालय पहुच मार्ग कालोपत्रे | ६२०० | ० |
| भोटेनी सिम्ले तारुका लिफ्ट खानेपानी निर्माण | १७०० | ५६१ |
| महर्षि वेदव्यासको मूर्ति निर्माण | ५००० | ० |
| मादिबेसी स्वास्थ्य संस्था भवन निर्माण | १२०० | ० |
| मानुङकोट पर्यटन प्रवद्र्धन (समपुरक विकास आयोजना सहभागिता) | २४०० | ० |
| मानुङकोट पर्यटन प्रवर्धन (समपुरक विकास आयोजना सहभागिता) | १६०० | ० |
| मालेबगर बुल्दी खोला करिडोर मार्ग स्तरीकरण | ५००० | ० |
| माहेन्द्रि मार्ग कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | ४००० | ० |
| माहेन्द्रि मार्ग कालोपत्रे(समपुरक विकास आयोजना सहभागिता) | २००० | ० |
| माहेन्द्री मार्ग कालोपत्रे (समपुरक विकास आयोजना सहभागिता) | ३००० | ८३८ |
| युवा लक्षित गाईभैसी प्रवर्धन कार्यक्रम ७५ प्रतिशत अनुदान | १०५० | ९४६ |
| वि.पि. वनबाटिका खेल मैदान निर्माण | ५००० | ० |
| शान्तिनगर र पाटन अन्तर्गत मादि नदिको तटवन्ध | १२०० | ० |
| सडक बोर्ड नेपाल | ३२१५ | ० |
| सडक वोर्ड नेपाल वाट संचालित योजना | ७५०० | ० |
| सेती मादी संगम शवदाह घाट निर्माण | २००० | ६६० |
| समपुरक र लागत सहभागिताका योजनाहरु | १२४०० | ० |
| सरसफाई सवारी साधन खरिद | ५००० | २३५ |
| सौर्य उर्जा सामग्री | २००० | ० |
| देउरालिनगर पुल्चोक र व्यास १ क्याम्पस जाने बुल्दि खोला कजवे निर्माण | २५०० | ५१७ |
| महर्षि टोल चौकुना व्यवस्थापन योजना | १२०० | ० |
| पाथ्रा खानेपानि योजा | २००० | ० |
| रिस्ति वराहा शान्ति मार्ग नाला र ग्राभेल | २००० | ६२६ |
| कमलवारि वडा कार्यलय मोटर मार्ग | २००० | ० |
| कृषि यान्त्रिकरण हाते ट्याक्टर ५०% अनुदान | १५०० | ० |
| साना सिंचाई निर्माण(कुलो निर्माण, मर्मत, लिफ्ट सिंचाई, पोखरी निर्माण आदि) ८५% अनुदान | ४५६१ | ३७५ |
| केशवटार मार्ग निर्माण | ९२०० | ८४५ |
| सुरक्षित नागरिक आवास कर्यक्रमः- गण्डकी प्रदेशको तनहुँ जिल्लाको क्षित्र नं.२ अन्तर्गत व्यास न.पा.वडा नं.५, ६ मा-१०० वटा (क्रमागत) | २५५२ | ० |

११ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कर्मचारी प्रोत्साहन तथा पुरस्कार अन्तर्गत वोर्ड वैठक वाट स्थायी कर्मचरीलाइ नगरपालिकाको निर्णयअनुसार असार महिनको रु १५८७००। को दरले वार्षिक रु १९ लाख ४ हजार प्रोत्साहन वापत भत्ता दिएको देखिन्छ ।<br>• करार सेवामा कार्यरत कर्मचारीलाइ असारमा प्रोत्साहन भनि रु ६८७००। तथा नगरपालिकाको निर्णय भनि रु ६८७००। भुक्तानी भएकोमा वार्षिक औषत रु १६ लाख ४८ हजार भुक्तानी गरेको देखिन्छ । | |
| १२ | **वातावरणीय मूल्याङ्कनः** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भीक वातावरणीय परीक्षण भए सम्वन्धीत स्थानीय कानूनले तोकेको निकाय समक्ष स्वीकृतिको लागि पेश गर्नुपर्ने उल्लेख छ भने दफा ३५ मा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत कुनै कार्य कार्यान्वयन गरेमा रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था छ । वातावरण संरक्षण नियमावली, २०७६ को अनुसूची १ मा देहायका क्षेत्रमा संक्षिप्त वातावरणीय अध्ययन गर्नुपर्ने गर्नुपर्ने भनि उल्लेख गरेकोमा यस पालिकावाट भएका कुनै पनि कार्यमा वातावरणीय मुल्यांकन भएको देखिदैन भने यस सम्वन्धी अभिलेख समेत राखेको छैन । यसमा सुधार गरी वातावरणीय मुल्यांकन मार्फत दिगो विकासका कार्य गर्नुपर्दछ ।<br>• २५ शैय्यासम्मको अस्पताल, नर्सिङ होम, पोली क्लिनिक निर्माण तथा संचालन गर्ने<br>• २५ शैय्या देखि ५० शैय्यासम्मको होटल निर्माण तथा संचालन गर्ने<br>• १०० मिटर लम्वाइ सम्मको पुल निर्माण गर्ने<br>• स्थानीय सडकहरु निर्माण गर्ने<br>• १०० हेक्टर सम्मको लिफ्ट सिँचाइ सन्चालन गर्ने<br>• ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटर सम्मको अग्ला भवनहरु निर्माण गर्ने<br>• ५ किलोमिटर सम्मको सहरी सडक स्तरोन्नती गर्ने<br>१० लाख देखि ५० लाख सम्म मेशिन तथा उपकरणमा लगानी भएको वर्कशप संचालन गर्ने | |
| १३ | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको १३ गरी कुल २० विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | **वढी रकम भुक्तानीः** टि.भि तर्फको १ दिने क्षयरोग माइक्रोस्कोपी कार्यक्रमको निर्देशिका अनुसार एक दिन ल्यावटेक्निसीयन -२ जना,अन्य स्वास्थयकर्मि १ र अन्य १ सहित ४ जनालाई भत्ता खर्च रु २८०० लेख्नुपर्नेमा १५ जनालाई २ दिनको कर पछि रु १५४७० गो.भौ.१२०,मिति २०७७\|०२\|०१ मा खर्च लेखेकोले निर्देशिका भन्दा वढी लेखेको असुल गर्नुपर्ने रु | १२६७० |
| १५ | **शीर्षक फरक पारी खर्चः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५(२) क वमोजिम खर्च गर्दा सम्वन्धित खर्च शिर्षकवाट गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले तपसिल वमोजिमको रु ५२३२८८ । रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु
<table>
<tr><th>गो.भौ.।मिति</th><th>खर्च विवरण</th><th>लेखेको खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२१०।२०७७।३।३०</td><td>विद्यालय पुर्वधार अनुदान निर्माण</td><td>सवारी साधन मर्मत</td><td>२२२१६९</td></tr>
<tr><td>२०९।२०७७।३।३०</td><td>विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान</td><td>सवारी साधन मर्मत</td><td>२०५४३७</td></tr>
<tr><td>११५।२०७७।०३।१५</td><td>स्वास्थयको लागी सामाजिक व्यवहार परिवर्तन अभियान</td><td>सुचनामुलक पम्पलेट छपाई</td><td>१५०००</td></tr>
<tr><td>१६१।२०७७।३।२०</td><td>स्यानीटरी प्याड खरिद</td><td>विज्ञापन खर्च</td><td>८०६८२।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५२३२८८</td></tr>
</table></td><td>५२३२८८</td></tr>
<tr><td>१६</td><td>निर्देशिका अनुसारको कार्य नभएकोः स्थानीय जडिबुटी परिचयात्मक कार्यक्रम तथा निजी संस्था (आयुर्वेद तथा वैकल्पिक चिकित्सक) हरुको लगत संकलन कार्यक्रम अन्तर्गतका कार्यहरु (क) जडीबुटी परिचयात्मक कार्यक्रम (ख) निजि आयुर्वेद तथा वैकल्पिक चिकित्सक संस्थाहरुको अनुगमन (ग) स्थानीय स्तरमा प्राप्त हुने जडीबुटीहरुको लगत संकलन, परामपरागत स्वास्थ्यकर्मीहरुको तथ्यांक संकलन मध्ये पालिकाले जडीबुटी परिच्यात्मक कार्यक्रम मात्र गरी खर्च लेखेको छ। निर्देशिकाअनुसारको कार्य नगरी खर्च लेख्नु कानुन सम्मत देखिदैन।यसरी तोकिएको कार्य सम्पन्नन नगरी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु</td><td>२२०३०</td></tr>
<tr><td>१७</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष चालु तथा पूँजीगत शिर्षकको भौ नं ६४,१९१,४५१,५४३ लगायतवाट फर्निचर, मेशिनरी औजार, कार्यालय सामान लगायत विभिन्न सामानहरु खरिद गरेकोमा प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेकोले यसरी सोझै गरेको खरिद कार्य अनियमित देखिएको रु.</td><td>६३५७२६९</td></tr>
<tr><td>१८</td><td>अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष देहायअनुसार रु ८७१५८०००। वजेट अबण्डाको रुपमा राखी रु ७६१३५९५३। खर्च गरेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>अवण्डा वजेट शिर्षक</th><th>वजेट रकम</th><th>खर्च</th></tr>
<tr><td>विविध फुटकर योजनाहरु</td><td>१४६७००००</td><td>९७५३०८९</td></tr>
<tr><td>विविध फुटकर अन्य सार्वजनिक निर्माण</td><td>७८३०००</td><td>७८३०००</td></tr>
<tr><td>विविध फुटकर योजनाहरु</td><td>४१०५०००</td><td>४०४८८४३</td></tr>
<tr><td>विविध फुटकर योजना नयाँ</td><td>२५०००००</td><td>२४७८०२१</td></tr>
<tr><td>क्रमागत योजना भुक्तानी (नाम नखुलाई रकम राखेको)</td><td>६५१०००००</td><td>५९०७३०००</td></tr>
<tr><td>जम्मा</td><td>८७१५८०००</td><td>७६१३५९५३</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यालयले कार्यक्रम तयार गर्दा क्रमागत योजनाको हकमा सुत्रमा कार्यक्रमवाइज पोष्टीङ नभएतापनि रातो कितवामा विभिन्न १०० योजनाहरु रहेको जानकारी गराएको छ । | |
| १९ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक कोषवाट कर्मचारी कल्याण कोषमा दुइ भौचरवाट रु. ४९ लाख ७० हजार ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन भने यसरी ट्रान्सफर गर्दा खर्च गर्न मिल्ने रकम कटौति भइ सो को असर सेवा प्रवाह तथा विकास निर्माणमा पर्दछ । यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ । | |
| २० | **स्वीकृत दरवन्दी वाहिर करार सेवाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार लगायतका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु.. | ३९०००० |

| विवरण | रकम |
|---|---|
| प्रेस सल्लाहकारको रुपमा श्री प्रदिप काफ्लेलाइ राखी मासिक रु १५०००। को दरले भुक्तानी | १९५००० |
| कानुनी सल्लाहकारको रुपमा श्री यज्ञ वहादुर रानालाइ राखी मासिक रु १५०००। को दरले भुक्तानी | १९५००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१ | **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन् | |

| विवरण | अनुदान रकम |
|---|---|
| तरकारी तथा मुल्य श्रृंखला विकास आयोजना अन्तर्गत तरकारी विउ तथा प्रदर्शन केन्द्र निर्माण | ११००००० |
| ५० % अनुदानमा ३१० घरलाइ आलु विउ खरिद गरी वितरण | ५५०९०० |
| उन्नत धान विउ खरिद गरी ७८० घरलाइ वितरण | २२१४५३७ |
| ७७८ घरलाइ ५० % अनुदानमा फलफुल विरुवा वितरण | ४५०००० |
| २० घरमा साना सिचाइ निर्माण अनुदान | १३६०००० |
| ७५% अनुदानमा ६ फार्मलाइ ७५ हजार तथा १२ फर्मलाइ ५० हजारको दरले युवा लक्षित गाइ भैसी अनुदान | १०५०००० |
| सहकारी मार्फत दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत प्रति लि रु १ ले ४ सहकारीलाइ अनुदान | १११२८६७ |
| ११जनालाइ काउम्याट खरिद गरी वितरण | ४९६००० |
| युवा लक्षित भेडावाखा प्रवर्द्धन कार्यक्रम अन्तर्गत १३ वाखाफर्मलाइ ३० हजारको दरले ७५% अनुदान | ३९०००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१.१ | अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| २१.२ | कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |
| २१.३ | अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । | |
| २१.४ | आलु विउ मध्ये भौ नं ६३२ वाट रु ४८६०००। को १६५०० केजी "खाद्यान्न तथा विउ आलु फलफुल नर्सरी" लाइ भुक्तानी दिइ वितरण गरेकोमा लगाउन सक्ने जग्गा एकिन गरेको छैन । वितरणको केही भर्पाइ परिक्षण गर्दा देवि न्यौपाने व्यास ४ लाइ ३०० केजी, निजावा दिन मिया, व्यास ६ लाइ ९०० केजी, लाल वहादुर पन्थलाइ ४०० केजी, हर्क वहादुर गुरुङ व्यास ७ लाइ ३५० केजी, रिसी मादि कृषक समुहलाइ ८०० केजी, सुर्यचन्द्र लम्साल व्यास ८ लाइ ३५० केजी, गौरी ढकाल व्यास १० लाइ ९०० केजी आदिको दरले वितरण गरेको देखिन्छ । तर जग्गाको एकिन नगरी अनुदान दिएको कारण सोही अनुपातमा आलु रोपण भएको छ भनि विस्वस्त हुन सक्ने अवस्था छैन । | |
| २१.५ | फलफुल विरुवा वितरणको लागि भौ नं १३४५ वाट कुल रु ९४४५२५ भुक्तानी भएको छ । जसमा आँप, एभोकाडो, लिचि तथा कटहर आदि खरिद गरी वितरण भएको देखिन्छ । उक्त रकम मध्ये एभोकाडोको २११० विरुवा रु १३०। को दरले खरिद भएकोमा उक्त विरुवा पोलिपटको विरुवा भएकोले सो मा प्याकिङ चार्ज लिन नपाइने भनि कृषि मन्त्रालयको कार्यविधि भएकोमा रु २७४३००। को १५ प्रतिशत रु ४११४५। वढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असुल गर्नुपर्ने रु | ४११४५ |
| २१.६ | धानको विउ खरिद गरी वितरण गर्ने प्रयोजनको लागि विभिन्न ९ जनाले कुल १८६१८१८। पेश्की लिइ भौ नं ११८१ वाट समग्रमा कुल रु २२,१४,५३७। खर्च भएको देखिन्छ । ठुलो मात्रमा पेश्की लिएकोमा पनि पेश्की लिने सवैले तनहुँ विज भण्डारवाट सामान खरिद गरेको देखिएकोले धानको विउ खरिद प्रकृया प्रतिस्पर्धी देखिएन । उक्त धान विउ खरिद गरी असारमा मात्र वितरण गरेको देखिएकोले असारमा धान रोप्ने वेलामा धानको विउ खरिद गरेर दिनुको औचित्य देखिएन । | |
| २१.७ | उक्त धान ५० प्रतिशत अनुदानमा खरिद हुनुपर्नेमा कार्यालयले सवै व्यहोरी कृषकवाट उठाइ भुक्तानी गर्ने गरी खरिद गरेको देखिएकोमा हालसम्म देहायअनुसार खरिदको ५० प्रतिशत दाखिला भएको प्रमाण पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ९९२१५५ |

| खरिद गर्ने कर्मचारीको नाम | खरिदको परिमाण (केजीमा) | १०० प्रतिशतले हुने रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|
| श्री शर्मिला जमर्कट्टेल | ८६३४ | ४७९५६० | २३९७८० |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>श्री सुमित्रा वराल खनाल</td><td>४०८३</td><td>२२७३९०</td><td>११३६९५</td></tr>
<tr><td>श्री गोविन्द मिश्र</td><td>५४३७</td><td>३०००५६</td><td>१५००२८</td></tr>
<tr><td>श्री चेत वहादुर दरै</td><td>५६१०</td><td>३०९१४६</td><td>१५४५७३</td></tr>
<tr><td>श्री शंकर देव पौडेल</td><td>३१९४</td><td>१७४८९४</td><td>८७४४७</td></tr>
<tr><td>श्री नवराज कडेल</td><td>१३२६</td><td>७२८०६</td><td>३६४०३</td></tr>
<tr><td>श्री विश्णु कुमार श्रेष्ठ</td><td>५५१</td><td>३०१२०</td><td>१५०६०</td></tr>
<tr><td>श्री पदम वहादुर थापा</td><td>६८७</td><td>३७६१८</td><td>१८८०९</td></tr>
<tr><td>श्री विन्दु पौडेल</td><td>४२०८</td><td>२३०२२८</td><td>११५११४</td></tr>
<tr><td>थप खरिद सोझै फर्मलाइ भुक्तानी</td><td>६३९५</td><td>३५२७१९</td><td>१७६३६०</td></tr>
<tr><td></td><td>४०१२५</td><td>२२१४५३७</td><td>११०७२६९</td></tr>
<tr><td colspan="2">दाखिला भएको रकम विन्दु पौडेलको मात्र</td><td></td><td>११५११४</td></tr>
<tr><td colspan="2">दाखिला गर्न वाँकी रकम</td><td></td><td>९९२१५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td>ऋण प्राप्तीः नगर विकास कोषको सरल ऋण सहयोगमा वहुउद्देश्यीय भवन निर्माणको लागि दुइ पटक गरी रु १०१३६५५४१। ऋण लिएकोमा असार मसान्तसम्ममा व्याज तथा आंशिक साँवा बुझाएको देखिन्छ । असार मसान्त सम्ममा रु ७४२९४५०५।५५ साँवा रहेकोमा असार मसान्तको किस्तामा रु २६९४७५३।६३ साँवा समेत कुल रु ५०४०६४५। बुझाएको देखिन्छ । यस वर्ष दुइ पटक गरी कुल १०८५८१००।३४ भुक्तानी भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :
<ul>
<li>कार्यालयले कुल रकम मध्ये कुन वर्षमा कति व्याज तथा साँवा तिऱ्यो सो को विवरण माग गरेकोमा यसको विवरण कार्यालयले उपलव्ध गराएको छैन । कार्यालयले अभिलेख नराखेको कारण नगर विकास कोषले पठाएको पत्रलाइ मात्र आधार मानी साँवा तथा व्याज भुक्तानी गरिरहेको अवस्था छ ।</li>
<li>नगर विकास कोषको स्टेटमेन्ट अनुसार रु ४३३१४३५६। ऋणको वार्षिक ८ % व्याजदर रहेको छ भने रु ५८०५११८५। ऋणको वार्षिक ५।५०% व्याजदर रहेको देखिन्छ । जुन २०७३।७।३० मा संझौता भएको देखिन्छ ।</li>
<li>वहुउद्देश्यीय भवनको लागि ऋणमा रकम ल्याएको देखिन्छ । यस वर्ष व्याजमा मात्र रु ४७,९१,५२५। भुक्तानी भएको अवस्था छ। ऋण लिदा पर्याप्त मात्रामा आन्तरीक प्रतिफलको दरलाइ विशेष ध्यान दिनुपर्दछ ।</li>
</ul></td><td></td></tr>
<tr><td>२३</td><td>शिर्षक फरक पारी तलव भत्ताः एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्दछ ।यस कार्यालयले सेवा करारमा कार्यरत कर्मचारीलाइ पारिश्रमिक कर्मचारी शिर्षकवाट भुक्तानी गरेको छ । करारमा कुल १०० भन्दा माथि कर्मचारी रहेकोमा कुनै महिना २२ लाख तथा कुनै महिना २० लाख सम्म भुक्तानी भएको अवस्था छ मंसिरमा कुल १०२ जना करारमा कार्यरत कर्मचारीलाइ रु २०७७५७२। भुक्तानी गरेकोलाइ आधार मान्दा वर्षमा कुल रु २७०,०८,४३६। भुक्तानी भएको अवस्था छ भने उक्त सवै रकम पारिश्रमिक कर्मचारी शिर्षकवाट भुक्तानी भएको देखिन्छ भने स्वास्थ्यमा समेत मासिक ३३ कर्मचारी करारमा राखी पारिश्रमिक कर्मचारी शिर्षकवाट वार्षिक रु ६० लाख १९ हजार भुक्तानी भएको देखिन्छ । एकिकृत आर्थिक संकेत, वर्गिकरण तथा व्याख्या अनुसार वजेट तयार नगरेको कारण यस्तो भएको देखिन्छ । यसरी शिर्षक फरक पारी खर्च गर्नु नियमसंगत नदेखिएको रु</td><td>३३०२७४३६</td></tr>
<tr><td>२४</td><td>करार सेवाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयले सेवा करारमा राख्न नमिल्ने पदहरुमा देहायअनुसार करारमा कर्मचारी राखी देहायअनुसार रु १८५,६४,०००। खर्च लेखेको छ । यसमा सुधार गर्नुपर्दछ ।

| विवरण | रकम |
|---|---|
| छैठौ शाखा अधिकृत -३ जना | १५४०५०० |
| छैठौ सिभिल ईन्जिनियर-५ जना | २५६७५०० |
| पाचौ सि.सव.ईन्जिनियर- ४ जना | १४५६००० |
| चौथो खरिदार-२१ जना | ६८२५००० |
| चौथो सलेपा-४ जना | १३००००० |
| चौथो अ.स.ईन्जिनियर-२ जना | ६५०००० |
| चौथो,इलेक्ट्रिसियन-१ जना | ३२५००० |
| चौथो अमिन-२ जना | ६५०००० |
| चौथो ना.पा.स कृषि-५ जना | १६२५००० |
| चौथो ना.पा.स. पशु -५जना | १६२५००० |
| जम्मा | १८५६४००० |

२५ **होटलमा गरेको तालिम खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ अनुसार तालीम, गोष्ठी, सेमिनार र बैठकलाइं सरकारी भवन वा तालीम केन्द्रहरुमा मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका विभिन्न तालीमहरु संचालन गरेवापत देहायअनुसारको रकम होटल तथा अन्य शिर्षकमा खर्च गरेको देखियो । यसरी तालीम संचालन गर्दा ठुलो परीमाणमा होटलमा खर्च भएको देखिदा मार्गदर्शनको पालना नभएको कारण खर्चमा मितव्ययिता देखिएन । तसर्थ सरकारी तालीम केन्द्र वा सरकारी भवनमा तालीम संचालन गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

| भौ नं | खर्चको विवरण | कुल खर्च | होटल खर्च |
|---|---|---|---|
| २०६ | वौद्दमार्ग शान्ति पदमार्ग सम्वन्धी कार्यक्रम सन्चालन गरेकोमा खानामा १३८ जनालाइ रु २९००। को दरले समेत अन्य खर्च | ४८२४४२ | ४१७०९२ |
| ४२४ | ३ दिने २७ जना उपस्थीत भएको होमस्टे सन्चालन तालिम | २१०७१४ | १२६८२० |

२६ **तालिमः** अर्थ मन्त्रालयको कार्यसन्चालन निर्देशिका, २०७५ मा तालिम सन्चालन गर्दा कक्षा कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्ने उल्लेख छ । जस अनुसार कार्यालयले १ दिनमा ४ कक्षा सन्चालन गर्न सक्ने अवस्था रहन्छ । यस कार्यालयले देहायअनुसार तालिम सन्चालन गर्दा प्रति कक्षा १ घण्टा १५ मिनेटको मात्र कक्षा लिएको देखियो । जसमा देखिएका व्यहोरा देहायअनुसार छन्: ३२५४५

| | |
|---|---|
| भौ नं ४२४ वाट राजेन्द्र कार्कीको पे फ भएको, जसमा कक्षा १ घण्टा १५ मिनेटको मात्र रहेको देखिन्छ जसले गर्दा निर्देशिकाको पालना भएको देखिएन । कुल तालिम ३ दिन भएकोमा प्रति कक्षा १ घण्टा ३० मिनेटको दरले ३ दिनको १२ कक्षा हुनेमा १७ कक्षा सन्चालन भएको देखाइ प्रशिक्षक भत्तामा मात्र ११ जना लाइ रु २५०० को दरले र ६ जनालाइ रु २०००। को दरले कुल ३९५००। खर्च भएकोले कुल ५ कक्षा वढी देखिएकोले उक्त कक्षाको दामासाहीले हुने वढी रकम असुल गर्नुपर्ने | ११६१५ |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>भौ नं ६२२ अतिथि सत्कार एवं होमस्टे व्यवस्थापन तालिम, राजेन्द्र कार्कीको पे फ भएको, कार्यक्रमको तालिम ११ देखि ४: १५ सम्म प्रति कक्षा समय १ घण्टा १५ मिनेटको दरले कुल ५१ कक्षा सन्चालन भएको देखिन्छ । कुल ११ दिन कार्यक्रम भएको उल्लेख भएकोमा प्रशिक्षक भत्तामा रु १२७०००। खर्च भएकोमा कुल ४४ कक्षा वढी देखिएकोले उक्त कक्षाको दामासाहीले हुने वढी रकम असुल गर्नुपर्ने</td><td>१७४३०</td></tr>
<tr><td>भौ नं ११०१ वाट पर्यटन भ्रमण कार्यक्रममा रु २४०४३० खर्च भएकोमा उपस्थिति उल्लेख छैन । निर्देशिकाले २ दिनको कार्यक्रमको लागि प्रतिवेदन भत्ता वापत १५०० दिन मिल्ने उल्लेख गरेकोमा ५०००। भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>३५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td>वैदेशिक भ्रमणः स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को दफा ४ मा स्थानीय तहका पदाधिकारीको भ्रमणको मनोनयन स्थानीय तहको शिफारिशका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले गर्ने उल्लेख भएको तथा दफा ६ मा आयोजकले सवै खर्च नव्यहोरेमा स्थानीय तहले वार्षिक वजेट तथा कार्यक्रममा राखी सोहि शिर्षकमा वजेट विनियोजित हुनुपर्ने उल्लेख भएकोमा यस पालिकाका नगरप्रमुख श्री वैकुण्ठ न्यौपाने दक्षिण अफ्रिका तथा फिलिपिन्समा २ पटक भ्रमण गई भौ नं ३६२ वाट रु २७२,५००।भ्रमणको रकम खर्च गरेकोमा मन्त्रालयको स्वीकृति संलग्न छैन भने उक्त खर्च कार्यक्रममा समेत समावेश भएको छैन । साथै भ्रमणवाट फर्केपछि दफा १४ वमोजिम प्रतिवेदन तथा सुझाव दिनुपर्ने उल्लेख भएकोमा उक्त प्रतिवेदन समेत पेश भएको छैन । जसले गर्दा भ्रमणवाट प्राप्त उपलव्धी तथा सिकाइको कार्यान्वयन तथा अभिलेखिकरण नहुने अवस्था रहन्छ ।यसमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td>अनुगमन भत्ताः गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा पदाधिकारीलाइ अनुसूचीमा तोकिए भन्दा वढी सुविधा नहुने उल्लेख छ भने अन्य कानुनमा समेत अनुगमन गरेकोमा भत्ता दिने व्यवस्था छैन । कार्यालयले देहायअनुसार अनुगमन गरेको भनि जनप्रतिनिधि तथा कर्मचारीलाइ भत्ता वितरण गरेको देखिन्छ । यसरी भत्ता दिनु कानुनसम्मत देखिदैन भने पदाधिकारीको सम्वन्धमा पदाधिकारीको सुविधा सम्वन्धी ऐनले मासिक रुपमा भत्ता प्रदान गर्ने व्यवस्था भएकोले सोहि अनुसार असार महिनमा एकमुष्ट रुपमा अनुगमन वापतको भत्ता समेत दिएको देखिन्छ ।यसरी असारमा एकमुष्ट रुपमा भुक्तानी दिएको अवस्थामा पटक पटक गरी भुक्तानी दिनु अनियमित देखिएको रु
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३७२</td><td>महिला समुह गठनमा अनुगमन भत्ता</td><td>११४००</td></tr>
<tr><td>३८६</td><td>दर्ता भइ सञ्चालनमा रहेका होमस्टेको अनुमगन भनि भत्ता</td><td>६५२००</td></tr>
<tr><td>४२४</td><td>होमस्टे सञ्चालन तालिम</td><td>१००००</td></tr>
<tr><td>४७३</td><td>झोला सिलाइ सम्वन्धी तालिम</td><td>१८७००</td></tr>
<tr><td>६२२</td><td>अतिथि सत्कार एवं होमस्टे व्यवस्थापन तालिम</td><td>४६८००</td></tr>
<tr><td>८१३</td><td>अल्ट्रा म्याराथन प्रतियोगिता</td><td>३२२००</td></tr>
<tr><td>१११९</td><td>सिपमुलक तालिमको अनुगमन भत्ता</td><td>१३२८००</td></tr>
<tr><td>१२३८</td><td>कृषि कार्यक्रम तर्फका कार्यक्रमको अनुगमन भत्ता</td><td>१२१०००</td></tr>
<tr><td>१२३७</td><td>कृषि कार्यक्रम तर्फका कार्यक्रमको अनुगमन भत्ता</td><td>४००००</td></tr>
<tr><td>१२३६</td><td>पशु कार्यक्रम तर्फका कार्यक्रमको अनुगमन भत्ता</td><td>९८०००</td></tr>
<tr><td>१३२६</td><td>सामुदायिक एवं संस्थागत विद्यालयको अनुगमन गरेको भत्ता</td><td>१५९३००</td></tr>
<tr><td></td><td></td><td>७३५४००</td></tr>
</table></td><td>७३५४००</td></tr>
</table>

कार्यालयको नामः व्यास नगरपालिकाको कार्यालय, तनहुँ । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९ | **खर्चको प्रमाण नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने र राख्न लगाउनुपर्ने उल्लेख छ । कार्यालयले भौ नं ५३२ वाट २१ वटा संस्था ( जसमा १० स्वास्थ्य चौकी, ५ स्वास्थ्य केन्द्र, ४ शहरी केन्द्र तथा २ सामुदायिक स्वास्थ्य इकाइ) लाइ रु ५५८७५०। भुक्तानी दिएकोमा खर्चका प्रमाण संलग्न नरहेकोले उक्त खर्चका प्रमाण पेश गर्नुपर्ने रु | ५५८७५० |
| ३० | **अवलोकन भ्रमणः** कार्यालयले देहायअनुसार अवलोकन भ्रमण भनि खर्च गरेको छः<br>भौ नं \| विवरण \| खर्च रकम<br>७०८ \| सरसफाइका कर्मचारीलाइ २ दिने अवलोकन भ्रमण (विमल गिरीको पेश्की फछ्यौंट) \| १७४०६४<br>सरसफाइका कर्मचारीलाइ २ दिने अवलोकन भ्रमण गरेकोमा रु ५००००। गाडी भाडामा खर्च भएको छ भने वाँकी रकम खाजा तथा खाना लगायत होटलमा खर्च भएको देखिन्छ । कुल ३९ जनाले अवलोकन गरेको भनि प्रतिवेदन तयार गरेकोमा खाजा, खाना, होटल आदिको विल राखी रु १२४०६४। खर्च गरेको छ । सहभागीलाइ भ्रमण खर्च नियमावली, २०६४ वमोजिम दैनिक भ्रमण भत्ता उपलव्ध गराएको अवस्थामा अधिकृत स्तरको कर्मचारीलाइ दैनिक १६००। को दरले २०००। तथा वाँकी ३८ राजपत्र अनंकित कर्मचारीहरु भएकोले प्रति दिन १२००। को दरले हिसाव गर्दा समेत कुल ५७०००। समेत कुल ५९०००। भुक्तानी हुने हुदा फरक रकम सम्वन्धीतवाट असुल गर्नुपर्ने रु | ६५०६४ |
| ३१ | **पदाधिकारीलाइ यातायात भत्ताः** गण्डकी प्रदेशले तयार गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीले मासिक रुपमा यातायात भत्ता पाउने व्यवस्था भए अनुसार सवै पदाधिकारीलाइ असारको अन्त्यमा एकमुष्ट रुपमा वार्षिक भुक्तानी गरेकोमा कार्यपालिकाको वैठकमा वैठक भत्ताको अतिरिक्त भौ नं ७३२ वाट रु ७५७५०।, ३२ औ नगरसभामा भौ नं ९५५ वाट रु ३४०००। तथा भौ नं १२४४ वाट नगर सभा सन्चालनको लागि ७९५००। यातायात भत्ता भुक्तानी गरेको देखियो । यातायात भत्ता वापत मासिक रुपमा भत्ता पाएकोले पुनः कार्यपालिका⁄ सभामा जाँदा भनि भत्ता लिन मिल्दैन । उक्त दोहोरो पर्ने रकम असुल गर्नुपर्ने रु | १८९२५० |
| ३२ | **अल्ट्रा म्याराथन प्रतियोगिताः** कार्यालयले खर्च गर्दा मितव्ययी हुने किसिमले गर्नुपर्दछ ।यस प्रतियोगिताको लागि श्री नगेन्द्र प्रसाद रेग्मीले पेश्की लिइ रु १३७७६७७। खर्च गरेको देखिन्छ । खर्चमा यातायात व्यवस्थापनमा रु २३३७००।, टिसर्ट, टोपी सामग्री आदिमा २५२३३०।, मन्च व्यवस्थापनमा ५८६०५।, रुट व्यवस्थापन अन्तर्गत खाजामा रु १४२३३६।, पत्रिकामा रु ५१०००।, पत्रकार सम्मेलनमा २५६३०।, भिडियोमा ५७६३०।, मायाको चिनोमा ३६०००। लगायतमा उक्त रकम खर्च भएको देखिन्छ । ठुलो रकम खर्च भएकोमा सामग्री खरिद, भिडियो, खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन ।<br>साथै सोही कामको लागि भौ नं ७१९ वाट समेत खाजा खानाको रकम भनि रु २६२३८५। खर्च भएको उल्लेख छ जसमा सहभागि र पाहुनालाइ खाजामा खर्च गरेको देखिन्छ । उक्त रकम खाना तथा खाजाको रुपमा खर्च गरेकोमा यसमा संख्या तथा दर एकिन नगरी लागत अनुमान तयार नगरी खर्च गरेको छ भने उक्त कामको लागि अर्कै भौचरवाट समेत खाजा खर्च भइसकेकोमा यसमा पुनः सोही नाममा रकम खर्च गर्नु उचित देखिएन । यस्तो प्रकृतिको खर्चमा सुधार गर्नुपर्दछ । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३ | **हाफ अल्ट्रा म्याराथन प्रतियोगिताः** अल्ट्रा म्याराथन प्रतियोगितामा कुल रु १६४००६२। खर्च भइसकेकोमा पुनः हाफ अल्ट्रा म्याराथन प्रतियोगिता सन्चालन गर्न रु ५ लाख पेश्की लगेकोमा कोरोनाको कारण खर्च गर्न नसकेको भनि भौ नं १०२९ वाट रु २०५७५३। खर्च गरी बाँकी रकम फिर्ता भएको छ । उक्त खर्चमा टोपी ५०० थान रु १२७१२५।तथा अन्य रकम टिसर्ट आदिमा खर्च गरेको देखिन्छ । कार्यक्रम नै हुन नसकेकोमा समेत कार्यालयले आवस्यक सामग्री खरिद गरिसकेको भनि खर्च गरेको छ । यस वर्ष २०७७।७८ मा समेत अल्ट्रा म्याराथन प्रतियोगिता हुन लागेकोले प्रयोगमा नआएको उक्त सामग्री यस प्रतियोगिताको लागि उपयोग गरी यस वर्ष यस्तो प्रकारको खर्चमा वचत गर्नुपर्ने देखिन्छ । | |
| ३४ | **खर्चका पुष्ट्याइः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने र राख्न लगाउनुपर्ने उल्लेख छ । कार्यालयले नगरसभा सन्चालनको लागि भौ नं ८१२ वाट कृष्णराज घिमिरेलाइ पेश्की दिइ रु २२८३८५। खर्च गरेकोमा कुल २५० जनालाइ खाजा खुवाएको भनि इभेन्ट टेन्ट एण्ड क्याटरीङ सर्भिसलाइ रु ५०८५०। भुक्तानी दिएकोमा बाँकी रु २२३३००। का साना तिना फुटकर विल राखी खर्च गरेको देखियो । क्याटरीङको रकम भुक्तानी भइसकेको अवस्थामा पुनः रकम खर्च भएको भनि खर्चका पुष्ट्याइ वेगरका विल राख्नु नियमसंगत नदेखिएको रु | २२३३०० |
| ३५ | **लागत अनुमान तयार नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ।सार्वजनिक खरिद ऐनमा रु १ लाख भन्दा वढीको रकममा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वुल्दीखोला ताल सम्भाव्यता अध्ययन वापत सम्पदा नेपाललाइ भौ नं १२९९ वाट रु २९९०००। भुक्तानी दिएकोमा समेत लागत अनुमान तयार नगरी दररेट माग गरी सोझै खरिद गरेको छ । उक्त अध्ययनको लागि चाहिने जनशक्तिको म्यानडेज तथा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमान तयार नगरी भुक्तानी गर्नु अनियमित देखिएको रु | २९९००० |
| ३६ | **अनुत्पादक खर्चः** वजेट वनाउदा तथा कार्यान्वयन गर्दा उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्दछ ।कार्यालयले राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान जिल्ला समिति तनहुँलाइ भौ नं ८७९ वाट रु ५ लाख भुक्तानी गरेको छ । खर्चको परिक्षण गर्दा यातायात तथा खाजा खर्चमा रु १६८५००।, प्रचार प्रसारमा ५६७५०।, स्टेजमा १९७१५०, खाजामा रु १११५५०। आदिको दरले रकम खर्च भएको देखिन्छ । उक्त रकम लोक तथा दोहोरी गितको संरक्षणमा सहयोग गर्नको लागि नभइ तनहुँमा आयोजित कार्यक्रमको लागि दिएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गरी उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ । | |
| ३७ | **पदाधिकारीलाइ पोषाकः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा पदाधिकारीलाइ अनुसूचीमा तोकिए भन्दा वढी सुविधा नहुने उल्लेख छ । कार्यालयले भौ नं ११२० वाट पदाधिकारीको पोषाकको लागि भनि निखिल ढाका कपडा उद्योगलाइ रु २५२८३५। भुक्तानी गरेको छ । जसमा २८ थान ढाकाका साडी प्रति साडी रु ९०३०। को दरले खरिद भएको देखिन्छ। पदाधिकारीलाइ पोषाक भत्ता दिन मिल्ने कानुनी आधार नभएको अवस्थामा यस किसिमले रकम भुक्तानी गरेको कारण थप व्ययभार परेको छ । उक्त रकम असुल गर्नुपर्ने रु | २५२८३५ |
| ३८ | **जेष्ठ नागरीक सम्मान कार्यक्रमः** जेष्ठ नागरीक सम्मान कार्यक्रमको लागि भौ नं ११७० वाट रु ८३१६७७। खर्च भएको देखिन्छ। जसमा ८४ वर्ष पुगेका ४२६ जना जेष्ठ नागरीकलाइ पस्मिना सल र प्रमाण पत्र | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वितरण गरेको देखिन्छ ।उक्त पस्मीना सल मात्र वितरण गर्नको लागि रु ४२६०००। यातायात वापत भत्ता दिएको देखिन्छ । जेष्ठ नागरीक आउदा यातायातमा खर्च हुने हुदा पस्मिनाको सल तथा प्रमाण पत्र वितरण गर्ने मात्र कार्यक्रमको लागि रु ४ लाख २६ हजार यातायात भत्ता वापत भुक्तानी गर्नु उचित देखिएन । यस्ता कार्यक्रम सन्चालन गर्दा मितव्ययीता र प्रभावकारीतालाइ ख्याल गरी वडा मार्फत वितरण गर्नुपर्ने देखिन्छ ।<br>साथै कुल ४२६ जनालाइ यातायात भत्ता वितरण गरेको तर पश्मिना सल रु २६० को दरले ६५० थान खरिद गरेको तथा प्रमाणपत्र फ्रेम सहित रु २५५। को दरले ६६७ थान खरिद गरेको देखिन्छ । सम्मानमा उपस्थित भन्दा वढी सामान खरिद गरी खर्च गर्नु उचित देखिएन । जसले गर्दा रु ५८२४०। को २२४ थान पस्मिना सल तथा रु ६१४५५। को २४१ थान फ्रेम सहितको प्रमाणपत्र वाँकी देखिन्छ । उक्त रकम जिन्सी आम्दानी वाँधी यस वर्ष उपयोग भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ११९६९५ |
| ३९ | पुर्वाधार विकास साझेदारी कार्यक्रमः<br>**काम पुरा नहुदै कार्यसम्पन्नः** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद संझौताको उल्लंघन भएमा उपचार प्राप्त हुने उल्लेख छ। जसमा समयमा कार्यसम्पादन हुन नसके पुर्वनिर्धारित क्षतिपुर्ति लगाउने तथा वाँकी काम सोही निर्माण व्यवसायीवाट सम्पन्न गराउने उल्लेख छ । कार्यालयले पराशर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजनाको लागि लागत अनुमानको तुलनामा २२.८३% न्युनमा माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन सँग मिति २०७७।३।२० भित्र सम्पन्न गर्नेगरी मिति २०७७।२।८ मा रु ३६९५२०१। मा संझौता गरेकोमा सबै काम नभएको अवस्थामा १८.९१ प्रतिशत न्युन काम गरी रु २९९६५४५। भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखियो । तोकिएको समय भित्र काम गर्नुपर्नेमा काम नगरेको अवस्थामा घटि काम भएको अवस्थामा समेत काम सम्पन्न भएको भनि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु उचित देखिएन । घटी काम भएको अवस्थामा समेत निजलाइ कार्वाही गर्नुपर्नेमा नगरेको कारण उक्त काम अधुरो रहेको देखियो । यस सम्वन्धमा छलफल गर्दा पुर्वाधार विकास साझेदारीको रकम अर्को वर्ष आउने नआउने निश्चित नभएको कारण कार्यसम्पन्न गर्नुपरेको कार्यालयको भनाइ छ । | |
| ४० | **मुअकर वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक मुल्यांकन सहित खर्चका प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले भवन निर्माणको लागि नेपाल आदिवासी जनजाति महासंघलाइ कुल रु १३०२०५९। को काम गरी रु ९५००००। भुक्तानी दिएको देखिन्छ । उक्त कामको लागि १:४ को अनुपातमा इट्टाको गाह्रो लगाउने कार्यको लागि दर विश्लेषण गर्दा प्रति इट्टा रु १४.१२५ को दर राखेको तर विलमा रु ८.०२३ को दरले विल पेश गरेको अवस्था छ । उक्त काम कुल १३.७७ घनिमटरको काम भएकोले प्रति इट्टा फरक रकम रु ६.१०२ ले हुन आउने रकमको मुल्य अभिवृद्धि कर वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ६११७ |
| ४१ | **मुअकर वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक मुल्यांकन सहित खर्चका प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । राधा माधव समिति नेपाललाइ भौ नं २४ वाट रु १००८५५४। भुक्तानी दिएको छ । उक्त काम मध्ये इट्टाको गाह्रो लगाउने काम कुल ८.७९ घन मिटर भएकोमा प्रति इट्टा रु १२.५ मा मुअकर थप गरि लागत अनुमान तयार गरेको तर विल | ७९९९ |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पेश हुदा प्यान विल मात्र पेश भएकोले मुअकर रकम अतिरिक्त भुक्तानी भएको छ । उक्त कामको लागि भुक्तानी भएको मुअकर रकम असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४२</td><td>ढुवानी वढी राखी वढी भुक्तानीः दर निर्धारण गर्दा पालिकाको दररेट निर्धारण समितिले तय गरेको दर अनुसार राख्नुपर्दछ । कार्यालयले शिशाघाट टोल विकास संस्थालाइ भौ नं २२ वाट कुल रु ९४६१५७। भुक्तानी दिएको देखिन्छ । उक्त कामको लागि गिट्टि प्रयोग गर्दा व्यासको ढुवानी नराखी शुक्लागण्डकीवाट ल्याएको ढुवानी राख्दा आइटम नं ४ मा सिमेन्ट मसलामा ढुंगाको प्लम कंक्रिट लगाउने ३०९०.९६ घनफिटको काममा रु २८३६१। फरक परेको देखिन्छ । उक्त रकममा उपभोक्ता समितिको योगदान १७.४२ प्रतिशत घटाइ वाँकी रकम असुल गर्नुपर्ने रु</td><td>२३४२१</td></tr>
<tr><td>४३</td><td>निर्माणको गुणस्तरः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा निर्माण कार्यको गुणस्तर परिक्षण गर्नुपर्ने उल्लेख छ । कार्यालयले पराशर मोटरमार्ग निर्माणको काम उपभोक्ता समितिमार्फत गराइ रु १०४७३५४। भुक्तानी गरेको छ । उक्त काम मध्ये पिसिसि १:२:४ को कामको लागि ओपिसी सिमेन्ट प्रयोग हुने भनि लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले पिपिसी सिमेन्ट प्रयोग गरी सो को विल पेश गरेको छ । जसले गर्दा रकममा उल्लेख्य फरक नपरेतापनि निर्माण कार्यको गुणस्तरमा फरक पर्ने भइ तयार भएको संरचना कम गुणस्तरीय हुने हुँदा यसमा कार्यालयले ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४४</td><td>डण्डीमा वढी भुक्तानीः- निर्माण कार्यको नापी तथा भुक्तानी स्वीकृत नर्म्स बमोजिम हुनुपर्दछ। कार्यालयले प्रयोग गरेको स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको लागि ल्याप्स, चियर ,वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स वमोजिम नै थप गरी दर विश्लेषण गरेको (१.०५ के.जी बराबर १ के.जी) अवस्थामा देहायअनुसारको कामको लागि नापीमा पुनः ५ प्रतिशत थप गर्दा दोहोरो रुपमा गणना भइ वढी भुक्तानी गएको अवस्था देखियो । उक्त रकम असुल गर्नुपर्ने रु ...
<table>
<tr><th>भौ नं</th><th>भुक्तानी पाउनेको नाम</th><th>थप गरेको ५% डण्डी</th><th>प्रति केजि दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td colspan="2">पुर्वाधार साझेदारी तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>मस्जिद निर्माण उस</td><td>९४.०९</td><td>११८.०३</td><td>१११०५</td></tr>
<tr><td colspan="2">शशर्त पुजीगत तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>वडा ७</td><td>माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि</td><td>१६२.५४</td><td>९५.</td><td>१७४४९</td></tr>
<tr><td>वडा १०</td><td>माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि</td><td>१६२.५७</td><td>९५.</td><td>१७४५२</td></tr>
<tr><td>वडा १</td><td>अन्वेषा कन्स्ट्रक्सन</td><td>२८८.९३</td><td>९०.</td><td>२९३८४</td></tr>
<tr><td>वडा ४</td><td>अन्वेषा कन्स्ट्रक्सन</td><td>१६६.७५</td><td>१००.</td><td>१८८४३</td></tr>
<tr><td>वडा ५</td><td>अन्वेषा कन्स्ट्रक्सन</td><td>९१.०६</td><td>१००.</td><td>१०२९०</td></tr>
<tr><td colspan="2">नगरपालिका पुजीगत तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>५७८</td><td>माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि</td><td>५२९.२६</td><td>१०२.</td><td>६१००३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१६५५२५</td></tr>
</table></td><td>१६५५२५</td></tr>
<tr><td>४५</td><td>ल्यावटेष्टको प्रमाण नभएकोः निर्माण व्यवसायीसँग गरेको संझौता अनुसार प्रोभिजनल सम अन्तर्गत राखेको आइटमको खर्चका विल भर्पाइ पेश गर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार ल्यावटेष्टको भुक्तानी गरेकोमा</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ल्यावटेष्टको प्रमाण राखेपनि उक्त खर्चका विल विजक वेगर रकम भुक्तानी गरेको देखियो । प्रोभिजनल सम अन्तर्गतका आइटमको विल वेगर रकम भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ४००००० |

| भौ नं | भुक्तानी पाउनेको नाम | ल्यावटेष्ट वापत भुक्तानी भएको रकम |
|---|---|---|
| | शशर्त पूँजीगत तर्फः | |
| वडा ७ | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | २५०००. |
| वडा १० | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | ३५००० |
| वडा १ | अन्वेषा कन्स्ट्रक्सन | २००००. |
| वडा ४ | अन्वेषा कन्स्ट्रक्सन | ३५००० |
| वडा ५ | अन्वेषा कन्स्ट्रक्सन | ३५००० |
| नगरपालिका पूँजीगत तर्फः | | |
| ३१ | एस टि निर्माण सेवा | १०००० |
| ३१२ | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | २५००० |
| ३०४ | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | १५०००० |
| ५७८ | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | २०००० |
| ५८४ | माता वाराही इन्जिनियरीङ एण्ड कन्स्ट्रक्सन प्रालि | ४५००० |
| | जम्मा | ४००००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६ | **उपभोक्ताको योगदान नरहेकोः** साना तथा आधुनिक सिँचाइ कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा ४ मा कम्तीमा १५% योगदान लाभग्राहीको हुनुपर्ने उल्लेख छ । कार्यालयले भौ नं ३२ देखि ३८ सम्मका विलवाट देहायअनुसार काम गरेकोमा लाभग्राहीको योगदान कम भएकोले कम भएको योगदान रकम असुल गर्नुपर्ने रु | ३१८०८ |

| फर्म तथा समुहको नाम | कार्यसम्पन्न रकम | भुक्तानी दिनुपर्ने रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी |
|---|---|---|---|---|
| विष्ट पशु तथा कृषि फर्म | ५००६९ | ४२५५८.६५ | ५०००० | ७४४१ |
| सितलछाँया कृषि फर्म | ५११७१ | ४३४९५.३५ | ५०००० | ६५०५ |
| वाग्ले कृषि फर्म | ७६७१४ | ६५२०६.९ | ७५००० | ९७९३ |
| लक्ष्मी हमाल ठकुरी | ५२८८६ | ४४९५३.१ | ५०००० | ५०४७ |
| छांगा वराही खहरे टोल वि संस्था | ५५२६८ | ४६९७७.८ | ५०००० | ३०२२ |
| जम्मा | २८६१०८ | २४३१९२ | २७५००० | ३१८०८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **पूँजीगत तर्फः** | |
| ४७ | **अन्य प्रयोजनमा खर्चः** कार्यालयले रकम खर्च आफ्नो क्षेत्राधिकार भित्र रही क्रियाकलाप सन्चालन गर्ने तथा विकास निर्माणको लागि रकम खर्च गर्नुपर्दछ । उक्त क्षेत्राधिकार वाहिर गइ कार्यालयले न्यु वर्ल्डलिंक कम्प्युटरवाट भौ नं ६३ वाट रु १२२९९८। का सामान खरिद गरी जिल्ला प्रशासन कार्यालयलाइ वितरण/ हस्तान्तरण गरेको छ । जिल्ला प्रशासन कार्यालयलाइ आफ्नै वजेट संघले पठाउने तथा केही रकम प्रदेशले समेत पठाइरहेको अवस्थामा स्थानीय तहले समेत सहयोग गर्नु उचित देखिएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८ | **मुअकर वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक मुल्यांकन सहित खर्चका प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अलैचे टोल विकास संस्थालाइ भौ नं ५८९ वाट रु ५ लाख भुक्तानी भएको छ । उक्त रकम फार्सदी पानाम्दी राजमार्ग सम्मको सडक योजनाको कार्यमा खर्च भएकोमा कुल कार्यसम्पन्न रकम रु ५८११४४। को काम सवै मेशिनवाट भएकोमा रु ४८१६६२। को मात्र मुअकर विजक पेश भएकोले वाँकी रकमको मुअकर वढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्ने रु | १२९३३ |
| ४९ | **ढुवानी वढी राखी भुक्तानीः** दर निर्धारण गर्दा पालिकाको दररेट निर्धारण समितिले तय गरेको दर अनुसार राख्नुपर्दछ । कार्यालयले नं २३८ वाट रेडक्रश भवन क्षेत्रको नाला र १६ फुटे वाटो पिसिसी ढलान उ स मार्फत कुल १२७०८७६। को काम गरी कुल रु ९५००००। भुक्तानी दिएको छ । उक्त काम वजारभित्र रहेको र सो को लागि लिड दिन नमिल्नेमा कार्यालयले गिट्टीको लागि शुक्लागण्डकी वाट ल्याएको भनि लिड दिएको छ भने अन्य आइटम सवैमा ९ किमि लिड दिएको छ । उक्त लिड दिदा देहायअनुसार रु ७५४६८। वढी भुक्तानी भएकोले उक्त रकममा उपभोक्ताको अंश कटाइ वाँकी रकम असुल गर्नुपर्ने रु... | ५६४१४ |

| विवरण | भएको काम | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | वढी भुक्तानी |
|---|---|---|---|---|
| ढुंगाको सोलिङ गर्ने कार्य | ९०.४७ | २४३०. | २८०१.५२ | ३३६११ |
| पिसिसि १:२:४ | ९०.४७ | १०५९८.११ | ११०६०.७७ | ४१८५७ |
| जम्माः | | | | ७५४६८ |

साथै अन्य वाँकी काममा समेत यही अनुसार लागत अनुमान तयार गरेको देखियो । यसमा आगामी दिनमा सुधार गर्नुपर्दछ ।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५० | **अनुत्पादक खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लक्षित उद्देश्य प्राप्तिको लागि रकम खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार उपयोगविहिन कार्यमा रकम खर्च गरेको देखिन्छ । यसले गर्दा वास्तविक खर्च गर्नुपर्ने क्षेत्रमा रकम कटौति हुने हुदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यस्ता केही खर्च देहायअनुसार छन्: | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ३१७ | दशैंको शुभकामना आदानप्रदान भनि श्री कृष्णराज घिमिरेलाइ पेश्की दिइ सवै रकम खानामा खर्च गरेको | १५५८३३ |
| २५५ | गणेशमान सिंह प्रतिष्ठानलाइ एसि खरिदको लागि अनुदान | १००००० |
| २७५ | तनहु जिल्ला दुग्ध उत्पादक ससलि को लागि फर्निचर खरिद | १९०००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१ | **ठेक्का संझौता तथा कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप गर्ने परिस्थितिमा मात्र ठेक्काको म्याद थप गर्न सकिने उल्लेख छ भने तोकिएको समयावधि भित्र कार्य नभएमा प्रति दिन ०।०५ प्रतिशतको दरले अधिकतम १० प्रतिशत रकम पुर्व निर्धारित क्षतिपुर्ति वापत भुक्तानी गर्न सकिने व्यवस्था नियम १२१ मा उल्लेख छ ।कार्यालयले देहायअनुसार कार्य सम्पन्न नभएका काममा म्याद थपको कारण र आधार वेगर म्याद थप गरेको छ । यस सम्वन्धमा छलफल गर्दा वोर्डले एकमुष्ट म्याद थप भएको जानकारी गराएको छ । सम्झौता मितिले २ महिना भित्र कार्यसम्पन्न गर्ने गरी संझौता भएकोमा समेत ६ महिना म्याद थप गर्नु नियममा भएको व्यवस्थाको विपरीत हुने अवस्था रहने हुदा यसमा कार्यालयले विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| वडा | निर्माण व्यवसायीको नाम | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मति | सम्पन्न मिति | संझौता रकम |
|---|---|---|---|---|---|---|
| ११ | न्यु भुपमा दरै निर्माण सेवा तनहुं | २०७६.१.२३ | २०७६.३.२५ | | २०७६.९.१३ | ३९८८९३६.९० |
| ११ | एस.टि निर्माण सेवा व्यास २ तनहुं | २०७६.१.२३ | २०७६.३.२५ | | २०७६.८.३ | २४१४६२७.७२ |
| ७ | श्री जुनतारा निर्माण सेवा व्यास ७ | २०७६.१.२३ | २०७६.३.२५ | | २०७६.३.२५ | २४९०२६९.१३ |
| ७ | श्री माता बाराही ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १० | २०७६.५.१९ | २०७६.३.२५ | | २०७६.११.८ | ३०१४६३१.२० |
| ५ | श्री एस.टि.निर्माण सेवा व्यास २ | २०७६.१.२३ | २०७६.३.२५ | | २०७६.९.१० | ३२२६७४४.५० |
| ५ | श्री डायमण्ड कन्स्ट्रक्सन भानु ४ | २०७५.१२.१८ | २०७६.३.२५ | | २०७६.५.२५ | १०५३००७.१० |
| ५ | श्री माता बाराही ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन काठमाण्डौ १० | २०७५.१२.५ | २०७६.३.२५ | | २०७६.१०.८ | ४१४७९४४.६० |
| ७ | श्री जि.एस.कन्स्ट्रक्सन व्यास २ | २०७५.१.२९ | २०७६.३.२५ | | २०७६.५.२६ | २९८४०५१.६३ |
| १,२,३,४ | श्री हरिशान्ती कन्स्ट्रक्सन व्यास २ | २०७६.१.५ | २०७६.३.२५ | | २०७६.५.२५ | ४४९१३४४.५० |
| १२ | श्री जि.एस.कन्स्ट्रक्सन व्यास २ | २०७५.१२.१८ | २०७६.३.२५ | | २०७६.६.१ | १३२३३६५६.०० |
| ३ | श्री एलिमेक इण्टरनेशनल प्रा.लि. काठमाण्डौ | २०७५.९.२६ | २०७६.३.२५ | | २०७६.९.२० | ५२७०१५०.०० |
| | श्री लुम्बिनी सप्लायर्स व्यास ३ | २०७६.१०.१४ | २०७६.१२.३० | | २०७६.११.२८ | १,६०३,५८७.५० |
| १३,१४ | निम्बल कन्स्ट्रक्सन प्रा.लि.पोखरा | २०७६.८.८ | २०७६.१.८ | २०७७.९.३० | २०७७.९.१५ | ११४७६८२३.६५ |
| ७,८ | निम्बल कन्स्ट्रक्सन प्रा.लि.पोखरा | २०७६.८.८ | २०७६.१.८ | २०७७.९.२९ | | ७२९९८१५.३५ |
| | आर.एम.यस इन्टरनेशनल प्रा.लि. काठमाण्डौं | २०७५.९.९ | २०७६.३.१५ | | २०७७.३.१५ | २५४२५००.०० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२ | गो.भौ.न.६३० मिति २०७७\|१\|२८ **मेलमिलाप सम्वन्धि तालिमः** व्यास नगरपालिकाको दमौली स्थीत सन्तोष होटलमा मिति २०७६\|११\|२३\| देखि २०७६\|११\|३० गते सम्म संचालित मेलमिलाप सम्वन्धी आधारभुत (४८ घण्टे) तालिम कार्यक्रमको मा श्री विमल गिरीको रु ६८७००० पेश्की फर्छ्यौट गरी रु ९४४२ नगद भुक्तानी गरेको फाँटवारी परीक्षण गर्दा यस प्रकार देखियोः- | |
| ५२.१ | प्रस्तावित तालिमको स्वीकृत विनियोजित वजेट रु ६८७०००\|रहेकोमा तालिम पश्चात रु ६९६४४२\| खर्च लेखेको पाइयो। स्वीकृत कार्यक्रमको विनियोजित वजेट भन्दा रु ९४४२। वढि खर्च लेखेकोले अनियमित देखिएको रु | ९४४२ |
| ५२.२ | उक्त तालिम कार्यक्रम स्थान व्यास नगरपालिकाको प्रशासनिक भवनवाट ३०० मीटरको दुरीमा रहेको सन्तोष होटलमा संचालन भएको देखिएको अवस्थामा समेत १२ जना पदाधिकारी तथा कर्मचारीले अनुगमन खर्चवापत रु ४९१००\| खर्च लेखेको पाइयो। भ्रमण खर्च नियमावली २०६४ को नियम ८ मा १५ किलोमिटरभित्र भ्रमण वा अनुगमन भत्ता लेख्न नमिल्ने उल्लेख भएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु | ४९१०० |
| ५३ | **विनियोजन भन्दा वढी खर्चः** प्लास्टीक झोलामुक्त कार्यक्रम संचालन कार्यका लागी नगरसभावाट पारित विनियोजन रकम रु ९००००\| रहेकोमा रोटयाक्ट क्लव अफ दमौलीले उक्त कार्यक्रम संचालन गरी पेश गरेको रु ९७३०५\| को फाँटवाको पाकिकाले गो.भौ.न. ६३९ मिति २०७७\|१\|३१ मा भुक्तानी दिएको | ७३०५ |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>छ। विनियोजन भन्दा वढी खर्च लेखेको रु ७३०५| वढी खर्च को सभावाट पुन अनुमोदन नभएकोले उक्त विनियोजन भन्दा वशी खर्च अनियमित देखीएको रु</td><td></td></tr>
<tr><td>५४</td><td>पाइप खपत परिमाण भन्दा पाइप लाइन खन्ने कार्य वढी देखाएकोः- पालिकाले कोट भञ्ज्याङ्ग आँपटोल खानेपानी आयोजनाको कामको रु १६५३३७| को मुल्यांकन गरी उपभोक्ता समितिलाई रु १४५०००। गो.भौ.न. ९२४, मिति २०७७|३|२६ मा भुक्तानी दिएको छ। उक्त खानेपानी संरचना कार्यको लागी नापी किताव अनुसार विभिन्न साइजको १५० मीटर पाइप खपत भएकोमा ९०० मीटर पाइप लाइन खन्ने कार्यको १०३.५ घ.मी. मुल्यांकन गरी प्रति घ.मी. रु ५०४.७० ले खर्च लेखेको पाइयो। सामान्यतया खपत भएको पाइपको लम्वाई वरावर मात्र पाइप लाइन खनेको लम्वाई देखाउनुपर्नेमा पाइप लाइन खपत भन्दा ७५० मीटर खनेको लम्वाई देखाउँदा तपसिल वमोजिम रु ५२२३६|वढी खर्च लेखेकोले उपभोक्ताको अंश घटाई वढी खर्च लेखेको रु ४५८११| असुल हुनुपर्ने रु
<table>
<tr><td>खनेको वढी परिमाण</td><td>चौडाई</td><td>उचाई</td><td>परिमाण</td><td>दर</td><td>उ.स.को योगदान</td><td>वढी भुक्तानी</td></tr>
<tr><td>७५० मीटर</td><td>०.२३ से.मी.</td><td>०.५० से.मी.</td><td>८६.२५</td><td>५०४.७०</td><td>१२.३०</td><td>३८१७६</td></tr>
</table></td><td>३८१७६</td></tr>
<tr><td>५५</td><td>चेनेज नखुलाई उपभोक्ता समितिलाई वढी भुक्तानीः शिवालय राक्शा देखि वडा कार्यालय मार्ग विस्तार एवं स्तरोन्नति कार्यको लागि पालिकाले रु ११५३५६९|मुल्यांकन गरी गो.भौ.नम ६९१, मिति २०७७|२|२० उपभोक्ता समितिलाई रु १००००००|भुक्तानी दिएको छ। उक्त मोटर मार्ग विस्तार एवं स्तरोन्नति कार्यको लागि चेनेज नखुलाई सडक खन्ने कार्य ३०० मीटरमा भएको तर चेनेज नखुलाई नालि खन्ने कार्य १००० मीटर र १० से.मी. ग्राभेल गर्ने कार्य ९५० मीटरमा गरेको पाइयो। सडक खन्ने कार्यको ३०० मीटरको चेनेज खुलेको र चेनेज नखुलेको सडकको लम्वाई भन्दा नाली खन्ने कार्य ७०० मीटर ग्राभेल गर्ने कार्य ६५० मीटर वढी देखाएकोले तपसिल वमोजिम उपभोक्ताको अंश कट्टा गरी वढी भुक्तानी भएको रु ४३१४६९ को चेनेज खुलेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><td>कामको विवरण</td><td>परिमाण</td><td>दर</td><td>रकम</td><td>उ.स.को योगदान</td><td>वढी रकम</td></tr>
<tr><td>सडक नाली खन्ने कार्य</td><td>२१० घ.मी.</td><td>३००</td><td>६३००</td><td>१३.३१</td><td>५४६१५</td></tr>
<tr><td>ग्राभेल गर्ने कार्य</td><td>२९२५ व.मी.</td><td>१४८.६२</td><td>४३४७१४</td><td>१३.३१</td><td>३७६८५४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४३१४६९</td></tr>
</table></td><td>४३१४६९</td></tr>
<tr><td>५६</td><td>वढि दरमा मुल्यांकन गरी भुक्तानीः शिवालय थान कुसुमे चोकको निर्माण कार्यको रु ११३१८५८| को मुल्यांकन गरी समितिलाई रु ९८३५९७| गो.भौ.न. ६९२, मिति २०७७|२|२१ म भुक्तानी गरेको छ। निर्माण कार्यको जगमा २९.८७ घ.मी. ढुङ्गाको सोलिङ्ग गर्ने कार्यको दर विश्लेषणवाट तय भएको प्रति घ.मी. दर रु २८०१.५२ को दरले मुल्यांकन गर्नपर्नेमा पालिकाले रु ३०४९.२० को दरले मुल्यांकन गरी खर्च लेख्दा प्रति घ.मी.रु २४७.६८ को दरले वढी खर्च लेखेको मध्ये उपभोक्ताको अंश १३ प्रतिशत घटाई वढी भुक्तानी भएको रु ६४६३ असुल हुनुपर्ने रु</td><td>६४६३</td></tr>
<tr><td>५७</td><td>सिन्धु पुस्तकालय मोटर मार्गमा सडक खन्ने कार्यको रु ११७४४७६|को मुल्यांकन भई उपभोक्ता समितिलाई गो.भौ.न. ६९४, मिति २०७७|२|२२ मा रु १००००००|भुक्तानी भएको छ। नापी किताबा अनुसार उक्त सडक चेनेज न.०±००० देखि चेनेज ०±१२०० सम्म १२०० मीटर सडक खन्ने कार्य भएकोमा पालिकाले सो सडकमा चेनेज उल्लेख नगरी १४०० मीटर नाला खन्ने कार्यको प्रति घ.मी. रु ६४.९७ ले र सोहि सडकमा चेनेज उल्लेख नगरी १३९५ मिटरमा १० से.मी. वाक्लो ग्राभेल गर्ने कार्यको प्रति व.मी. रु १४८.६२ ले खर्च लेखेको पाइयो। चेनेज खुलाई १२०० मीटरमा सडक खनेकोमा चेनेज उल्लेख नगरी</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सडकको लम्वाई भन्दा नाली २०० मीटर र ग्राभेल १९५ मीटर वढी देखाई वढी खर्च लेखेको मध्ये उपभोक्ता समितिको अंश कट्टा गरी तपसिल वमोजिम रु २४१९७।वढी लेखेको छ। सडकको लम्वाई भन्दा चेनेज नखुलाई सडक नाली र ग्राभेल कार्यको वढी खर्च लेखेको पुष्टी नभएकोले चेनेज खुलेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>चेनेज नखुलेको।वढी परिमाण</th><th>दर</th><th>उ.स.को अंश</th><th>रकम</th></tr>
<tr><td>सडकको नाली खन्ने कार्य</td><td>६० घ.मी.</td><td>६४.९७</td><td>१४.८६</td><td>३३१९</td></tr>
<tr><td>ग्राभेल गर्ने कार्य</td><td>१६५ व.मी.</td><td>१४८.६२</td><td>१४.८६</td><td>२०८७८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२४१९७</td></tr>
</table></td><td>२४१९७</td></tr>
